# नेपाल पत्रकार महासंघ
## कास्की

# १८औं
# साधारण सभा




# प्रगति प्रतिवेदन

२०८३ जेठ ९ गते, शनिबार

# नेपाल पत्रकार महासंघ कास्कीको कार्यसमिति २०८१-२०८४



माधवप्रसाद बराल
अध्यक्ष



माधवप्रसाद रेग्मी
उपाध्यक्ष



कञ्चन थापा कोइराला
उपाध्यक्ष



भूपाल गुरुङ
सचिव



मधु अधिकारी
सहसचिव



धनबहादुर गुरुङ
सहसचिव



राजाराम पौडेल
कोषाध्यक्ष



अर्जुन गाहा (सुशान्त)
सदस्य



गौरव त्रिपाठी
सदस्य



राजु गिरी
सदस्य



बालकुमारी पौडेल (तारा)
सदस्य



सन्तोष सुवेदी
सदस्य



रिखिराम जिसी
सदस्य



तुलसीराम सुवेदी
सदस्य



निराजन अधिकारी
सदस्य



पुष्पराज दाहाल
सदस्य



कविता घर्ती मगर
सदस्य



सुरेश सुनार
सदस्य



पुनम थापा मगर
सदस्य



सूर्यबहादुर परियार
सदस्य

## सल्लाहकारहरु



विमला भण्डारी



दीपेन्द्र श्रेष्ठ



राजेन्द्र अधिकारी



प्रमिसा सिलवाल
कार्यालय सचिव

# नेपाल पत्रकार महासंघ कास्की
# १८ औं साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य

१) नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभाका प्रमुख अतिथिज्यू, अतिथि गण, पत्रकार महासंघका केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका पदाधिकारी तथा सदस्यज्यूहरु, शाखाका सल्लाहकारज्यू, पूर्वअध्यक्षज्यू, प्रेस स्वतन्त्रता सेनानीज्यूहरु, राष्ट्रिय परिषद् सदस्यज्यू, पुरस्कारदाताज्यू, कार्यसमितिका पदाधिकारी, सदस्यज्यूहरु सम्पूर्ण साधारण सदस्यज्यूहरु, पत्रकारसँग सम्बन्धित संघसंगठनका अध्यक्षज्यूहरु तथा उपस्थित सबैमा स्वागतसहित हार्दिक अभिवादन व्यक्त गर्दछु । प्रेस स्वतन्त्रताको रक्षाका लागि आफ्नो प्राण आहुति गर्नुहुने ज्ञातअज्ञात कलमजीवी तथा विभिन्न कालखण्डमा भएका सामाजिक रुपान्तरण र राजनीतिक परिवर्तनको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२) नेपाल पत्रकार महासंघ कास्कीको १२ औं अधिवेशनबाट अहिलेको कार्यसमितिलाई निर्वाचित गर्नुहुने सम्पूर्ण मतदाताज्यू, प्रत्यक्ष, परोक्ष सहयोग गर्नुहुने सबैमा हार्दिक आभार र नमन व्यक्त गर्दछु । श्रमजीवी पत्रकारहरुको छाता संस्था नेपाल पत्रकार महासंघ श्रमजीवी पत्रकारको हकहित, प्रेस स्वतन्त्रता, व्यावसायिक सुरक्षा र लोकतान्त्रिक मूल्यको संरक्षणका लागि महासंघ स्थापना कालदेखि निरन्तर संघर्षरत छ । नेपाल पत्रकार महासंघ कास्कीको स्थापना २०३४ साल असार १२ गते भएको गौरवपूर्ण इतिहास हामीसँग छ । पाँच दशकको यात्रातर्फ उन्मुखहुँदै आज हामी स्वर्ण वर्षमा प्रवेश गर्ने ऐतिहासिक मोडमा आइपुगेका छौं । यस अवसरमा महासंघ निर्माण र संस्थागत विकासमा योगदान गर्नुहुने सम्पूर्ण अग्रज पत्रकार, संस्थापक, पूर्वअध्यक्ष, सदस्य तथा शुभेच्छुकहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३) आज हामी नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभाको महत्वपूर्ण घडीमा उपस्थित भएका छौं । साधारण सभा विशेषत्: विगतको काम समीक्षा गर्दै राम्रा कामको निरन्तरता तथा कमीकमजोरीहरु नदोहोर्‍याउने प्रतिवद्धता गर्ने र आगामी दिनमा गर्नुपर्ने कामको योजना बनाउने बेला पनि हो । २०८१ मंसिर २८ गते सम्पन्न निर्वाचनबाट निर्वाचित हाम्रो कार्यसमितिले २०८१ पुस ७ गते पदस्थापनपछि सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिकाबिच पनि संस्थाको गरिमा, पेशागत उत्तरदायित्व र सदस्यहरुको हितलाई केन्द्रमा राखेर काम गर्दै आएको छ ।

४) यस अवधिमा पत्रकार क्षमता अभिवृद्धिका लागि अदालती रिपोर्टिङ, निर्वाचन रिपोर्टिङ, डिजिटल साक्षरता, मल्टिमिडिया पत्रकारिता, फोटो तथा मोबाइल पत्रकारिता, साइबर सुरक्षा, पत्रकारितामा मल्टिमिडिया र एआई लगायत ७ वटा तालिम सञ्चालन गरियो । यी कार्यक्रमहरुले पत्रकारहरुलाई बदलिँदो प्रविधिसँग अभ्यस्त

गराउँदै व्यावसायिक दक्षता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको विश्वास हामीले लिएका छौं भने अब निकट भविश्यमा अनुसन्धानमूलक लेख लेखन तालिम पोखरामा पहिलो पटक आयोजना गर्ने गरी नेपाल पत्रकार महासंघ कास्की तयारीमा जुटेको छ ।

५) पत्रकार महिलाहरुको सशक्तीकरण र समावेशितालाई प्राथमिकतामा राख्दै महिला संवाद, अदालती रिपोर्टिङ कार्यशाला तथा अन्तर्राष्ट्रिय महिला दिवसका कार्यक्रम सम्पन्न गरियो । पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता र नेतृत्व अझ बलियो बनाउने हाम्रो प्रतिबद्धता निरन्तर रहनेछ ।

६) पत्रकार महासंघ कास्कीले ८ वटा सम्मान तथा पुरस्कारबाट ८ जना पत्रकारलाई सम्मान गर्दै आएको छ । गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार, टंकादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार, जगन्नाथ सिग्देल पत्रकारिता पुरस्कार, पोखरा पत्रकारिता सम्मान तथा दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मानमार्फत् अग्रज तथा क्रियाशील पत्रकारहरुको योगदानको कदर गरिएको छ ।

७) महासंघ सुख र दुःखमा सधैं सदस्यहरुसँगै उभिएको छ । यस अवधिमा पत्रकार महासंघ कास्कीका सदस्य, कास्कीमा क्रियाशील सञ्चारकर्मीहरुले आफ्ना प्रियजन र आफन्त गुमाएर शोकमा हुँदा पत्रकार महासंघको नेतृत्वमा घरमै पुगेर समवेदना प्रकट गर्ने परम्परालाई निरन्तरता दिएका छौं । बिरामी तथा दुर्घटनामा परी घाइते पत्रकारहरुलाई भेटेरै स्वास्थ्यलाभको कामना गर्नुका साथै संस्थागत उत्तरदायित्व वहन गर्दै उपचारका लागि आर्थिक सहयोग पनि गर्दै आएका छौं । दुःखका घडीमा साथ र सुखका क्षणमा सहकार्य गर्ने संस्कारलाई महासंघले निरन्तरता दिएको छ । यसले महासंघ पेशागत संस्था मात्र नभई पत्रकारहरुको साझा परिवार भएको अनुभूति दिलाएको विश्वास हामीले लिएका छौं ।

८) पत्रकार महासंघ कास्कीले नेपाली कला, संस्कृति र चाडपर्वको संरक्षण तथा जगेर्नालाई पनि महत्व दिएका छौं । फागू पूर्णिमाको अवसरमा होली विशेष कार्यक्रम, हरितालिका तिज विशेष कार्यक्रम लगायतका सांस्कृतिक गतिविधिमार्फत् पत्रकारहरुबीच आत्मीयता, सद्भाव र सांस्कृतिक एकता अभिवृद्धि गर्ने प्रयास गरिएको छ । पत्रकारिता समाजको मौलिक संस्कृतिसँग पनि जोडिनुपर्छ भन्ने मान्यता पत्रकार महासंघ कास्कीको छ ।

९) पत्रकारको हकहित रक्षा तथा प्रेस स्वतन्त्रताको संवर्द्धन एवं प्रवर्द्धनमा नेपाल पत्रकार महासंघ कास्की सधैं उभिएको छ । अहिलेको कार्यसमिति पनि झनै सशक्त रुपमा उभिएको छ ।

१०) नेपालको पत्रकारिता अहिले गम्भीर संक्रमणको चरणमा छ । एकातिर डिजिटल प्रविधिको तीव्र विकास, कृत्रिम बुद्धिमत्ता र सामाजिक सञ्जालको प्रभावले पत्रकारिताको स्वरुप बदलिरहेको छ भने अर्कोतर्फ सञ्चारमाध्यम आर्थिक संकटबाट गुज्रिरहेका छन् । श्रमजीवी पत्रकारहरुको रोजगारी असुरक्षित बन्दै गएको छ । न्यून पारिश्रमिक, श्रम शोषण, पेशागत असुरक्षा र सञ्चार संस्था बन्द हुने क्रमले पत्रकारितामाथि गम्भीर चुनौती खडा भएको छ । यहीबिचमा जेनजी आन्दोलनपछि भएको चुनाबबाट गठन भएको नयाँ सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने गरी गरेको विभेदकारी निर्णयले निजी तथा समुदायमा आधारित सञ्चारमाध्यममाथि थप दबाब सिर्जना गरेको छ । यो निर्णय प्रेसमैत्री नभएको र निर्णय तत्काल सच्याउनुपर्ने स्पष्ट धारणा पत्रकार महासंघले राखेको छ । लोकतन्त्रमा राज्यले सबै सञ्चारमाध्यमलाई समान व्यवहार गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । सरकारको निर्णय विरुद्ध पत्रकार महासंघ कास्की निरन्तर आन्दोलनमा छ ।

११) यस अवधिमा देशको राजनीतिक परिस्थितिले पनि पत्रकारितामाथि प्रभाव पारेको छ । जनजीविकाका सवाल, सुशासन, सामाजिक उत्तरदायित्व र राजनीतिक अस्थिरताबिच पत्रकारिताले सत्य र तथ्यको पक्षमा उभिनुपर्ने दायित्व अझ बढेको छ । सरकार परिवर्तनसँगै प्रेस स्वतन्त्रतामाथि विभिन्न ढंगले दबाब सिर्जना भएका घटनाहरु हामीले अनुभव गरेका छौं । कतिपय अवस्थामा सरकार प्रेसप्रति अनुदार देखिएको छ । यस्ता

प्रवृत्तिविरुद्ध महासंघले सशक्त आवाज उठाउँदै आएको छ र आगामी दिनमा पनि उठाइरहनेछ ।

१२) हामीले संस्थागत सुदृढीकरणतर्फ पनि महत्वपूर्ण काम गरेका छौं । महासंघ भवन मर्मत, प्रवेशद्वार र परिसर व्यवस्थापन, पोखराका प्रथम पत्रकार जगन्नाथ सिग्देलको सालिक व्यवस्थापन, स्वास्थ्य शिविर, खेलकुद कार्यक्रममार्फत् महासंघलाई पेसागत संस्था मात्र नभई सामाजिक र मानवीय संवेदनासँग जोडिएको साझा परिवारका रुपमा विकास गर्ने प्रयास गरिएको छ । हामीले यो डेढ वर्षमा गरेका गतिविधिको विस्तृत विवरण सचिवज्यूको प्रतिवदेनमा समेटिएको जानकारी गराउँछु ।

१३) पत्रकारिता लोकतन्त्रको आधार स्तम्भ हो । सत्यको खोजी, नागरिकको आवाज र सरकार र सत्तामाथिको निगरानी पत्रकारिताको मूल धर्म हो । त्यसैले पत्रकारहरुको पेसागत सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र श्रम अधिकारको रक्षा गर्न महासंघ अझ सशक्त, एकताबद्ध र जिम्मेवार बन्न आवश्यक छ, र त्यसप्रति नेपाल पत्रकार महासंघ कास्की सचेत छ ।

१४) नेपाल पत्रकार महासंघ कास्की स्थापनाको स्वर्ण वर्ष अर्थात ५० औं वार्षिकोत्सवमा प्रवेश गरिरहँदा हामीले विगतको गौरव सम्झिएर खुसी हुने अवस्था मात्रै छैन, भविष्यप्रति पनि स्पष्ट दृष्टिकोण बनाउनुपर्नेछ । बदलिँदो प्रविधि, आर्थिक संकट र विश्वव्यापी सञ्चार परिवर्तनकाबिच नेपाली पत्रकारितालाई विश्वसनीय, मर्यादित र जनउत्तरदायी बनाउनु हाम्रो साझा दायित्व र जिम्मेवारी हो ।

१५) अन्त्यमा, यस अवधिमा महासंघका गतिविधिलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सदस्य, पूर्वअध्यक्षज्यू, अग्रज पत्रकारज्यू, नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समिति, कास्कीका पदाधिकारीज्यूहरु, कार्यसमिति सदस्यज्यूहरु, प्रदेश सरकार, पोखरा महानगरपालिकासहित कास्कीका रुपा, मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिका अन्य सरकारी तथा गैरसरकारी संस्था, सहयोगी संस्था, सञ्चारकर्मी तथा शुभेच्छुकहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । तपाईं सदस्हरुबाट प्राप्त सुझाव, सल्लाह र मार्गदर्शनलाई सकारात्मक रुपमा ग्रहण गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

जय पत्रकारिता । जय नेपाल पत्रकार महासंघ । धन्यवाद ।

**माधवप्रसाद बराल**

**अध्यक्ष**

**२०८३/०२/०९**

# नेपाल पत्रकार महासंघ कास्की
# १८ औं साधारण सभामा प्रस्तुत सचिवको प्रतिवदेन

१) नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, पत्रकार महासंघका केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्षज्यू, पदाधिकारी तथा सदस्यज्यूहरु, शाखाका सल्लाहकारज्यू, पूर्वअध्यक्षज्यू, प्रेस स्वतन्त्रता सेनानीज्यू, राष्ट्रिय परिषद् सदस्यज्यू, पुरस्कारदाताज्यू, कार्यसमितिका पदाधिकारी, सदस्यज्यूहरु, सम्पूर्ण साधारण सदस्यज्यूहरु, पत्रकारसँग सम्बन्धित संघसंगठनका अध्यक्षज्यूहरु तथा उपस्थित सम्पूर्णमा म हार्दिक स्वागत एवं नमन व्यक्त गर्दछु । प्रेस स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात कलमजीवी तथा विभिन्न कालखण्डमा भएका सामाजिक रुपान्तरण र राजनीतिक परिवर्तनको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२) नेपाल पत्रकार महासंघ कास्कीको १२ औं अधिवेशनबाट निर्वाचित भई कार्यभार सम्हालेको यो कार्यसमितिले डेढ वर्षको अवधि पूरा गरेको छ । यो अवधि पत्रकारिता क्षेत्रका लागि निकै चुनौतीपूर्ण र उतारचढावपूर्ण रह्यो । नेपाली पत्रकारिताको इतिहासमा गौरवपूर्ण पृष्ठभूमि बोकेको महासंघले अहिले विभिन्न आन्तरिक र बाह्य दबाबको सामना गरिरहेको छ । देशमा आएको राजनीतिक परिवर्तनसँगै सञ्चारका परम्परागत धारहरूमा प्रश्न उठाउँदै पत्रकारिताको शुद्धीकरण र जनउत्तरदायी पत्रकारिताको मागलाई बुलन्द बनाएको छ । पछिल्लो जेनजी आन्दोलनले ल्याएको तरंगसँगै सञ्चार क्षेत्रमा देखिएको नीतिगत अन्यौल, चुनाव र नयाँ सरकारको गठनसँगै प्रेस स्वतन्त्रतामाथि भइरहेका अनुदार व्यवहारले महासंघको भूमिकालाई थप संवेदनशील बनाएको छ ।

३) संघीयताको मर्मअनुसार पत्रकारको हकहित रक्षामा महासंघ कास्की शाखा प्रतिबद्ध रहँदै आएको छ । तर, हाल पत्रकारिता क्षेत्र गम्भीर संकटबाट गुज्रिरहेको छ । देशको आर्थिक मन्दीको प्रत्यक्ष मारमा सञ्चार माध्यम परेका छन् भने यसको असर पत्रकारको रोजगारी र पेशागत सुरक्षामा देखिएको छ । तीन तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने वर्तमान सरकारको विभेदकारी निर्णय नेपालको संवैधानिक प्रबन्ध, खुला अर्थनीति र संघीयताको मर्म विपरीत रहेको महासंघको ठहर छ । सूचना प्रविधिको तीव्र विकासले पत्रकारितामा नयाँ सम्भावनासँगै गम्भीर चुनौती पनि ल्याएको छ । डिजिटल प्लेटफर्म, अनलाइन मिडिया, सामाजिक सञ्जालको विस्तारसँगै 'फेक न्यूज', भ्रमपूर्ण सूचना र तथ्यहीन प्रचारको प्रवाह बढेको छ ।

यस्ता समाचारको तथ्य जाँच गर्ने प्रविधि, दक्ष जनशक्ति र समयको अभावले समाचारको विश्वसनीयता कमजोर बनिरहेको छ । स्थायी रोजगारी, तोकिएको न्यूनतम पारिश्रमिक र प्रेस स्वतन्त्रताको रक्षा कास्की

शाखाको प्राथमिकतामा रहेपनि कास्कीका धेरै पत्रकारहरू अझै पनि श्रमजीवी ऐनको पूर्ण कार्यान्वयन नहुँदा र आर्थिक संकटका कारण पेशाबाट पलायन हुनुपर्ने अवस्थामा पुगेका छन् । पत्रकारिताको संकटपूर्ण यो अवस्थामा कास्की शाखाले प्रेस स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको हकहित, पत्रकारको क्षमता अभिवृद्धि र पेशागत सुरक्षाका लागि काम गरिरहेको छ ।

४) हामीले यो अवधीमा गरेका कार्य तथा गतिविधिको समीक्षाका साथै आगामी कार्य योजना बनाउने दिनको रुपमा यो साधारणसभालाई लिएको छु । संस्थाको विधान अनुसार निर्वाचन हुने र नयाँ नेतृत्व आउने क्रम निरन्तर चलिरहन्छ । विगतमा सुरु भएका तर बाँकी रहेका काम हामीले कति पूरा गर्न सक्यौं, सकेनौं मूल्यांकनको जिम्मेवारी आदरणीय सदस्यज्यूहरूको हो । तर, सके जति गर्ने प्रयास रहने छ । श्रमजीवी पत्रकारहरुको छाता संस्था नेपाल पत्रकार महासंघ कास्कीको यो महत्वपूर्ण र सम्मानित साधारण सभामा अब म, २०८१/०९/०७ गतेदेखि २०८३/वैशाख ३१ सम्म भएका महत्वपूर्ण काम तथा आगामी योजना प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) **महासंघको भवन तथा परिसर मर्मत सम्भार :** नेपाल पत्रकार महासंघको परिसरमा उत्तरतर्फ रहेको अस्थायी टहरा जीर्ण अवस्थामा रहेको यहाँहरुलाई अवगत नै छ । अहिले उक्त टहरालाई त्यहाँबाट हटाइ दक्षिणतर्फ नयाँ टहरा निर्माण गरिएको छ । पश्चिमतर्फ रहेको प्रवेशद्वारलाई उत्तरतर्फ निर्माण गरिएको छ । पोखराका प्रथम पत्रकार जगन्नाथ सिग्देलको शालिक व्यवस्थापन गरी पत्रकार महासंघको भवन र परिसरलाई थप व्यवस्थित गरिएको छ भने अझै केही काम गर्न बाँकी रहेको छ । शालिक भएको ठाउँ पूर्ण रुपमा काम सम्पन्न भएको छैन भने भवन निर्माणमा सहयोग गर्नुहुने दाताहरुको नाम शिला लेखमा राख्ने काम पनि बाँकी नै छ । गण्डकी प्रदेशको सहरी विकास तथा भवन कार्यालय पोखराबाट विनियोजित रकम रु. ८ लाखबाट शालिक व्यवस्थापन, प्रवेशद्वार स्थान्तरण र टहरा निर्माण गरिएको हो । यसका लागि गण्डकी प्रदेश सरकार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई धन्यवाद व्यक्त गर्दछौं ।

ख) **पत्रकार क्षमता अभिवृद्धि अभियानः** नेपाल पत्रकार महासंघले पत्रकारहरूको पेशागत दक्षता, गुणात्मकता र व्यावसायिकतालाई समयसापेक्ष परिमार्जन गर्न क्षमता अभिवृद्धि कार्यलाई विशेष प्राथमिकता दिँदै आएको छ । परिवर्तित सञ्चार माध्यम, सूचना प्रविधिको विकास र सामाजिक उत्तरदायित्वलाई मध्यनजर गर्दै यस अवधिमा सञ्चालन गरिएका ७ वटा प्रमुख तालिमहरू, तिनको आवश्यकता र महत्वको विस्तृत विवरण निम्नानुसार रहेको छ ।

ख १) **अदालती रिपोर्टिङ (Court Reporting) :** गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको सहयोगमा सञ्चालित यो तालिमले न्यायिक प्रक्रिया, कानुनी सिद्धान्त र अदालतका प्राविधिक शब्दावलीहरू जटिल हुने हुनाले तिनलाई बुझ्न र आम नागरिकले बुझ्ने सरल भाषामा प्रस्तुत गर्न सहयोग पुऱ्याएको छ । संवेदनशील कानुनी विषयमा हुने सानो त्रुटिले पनि मानहानी वा कानुनी जटिलता निम्त्याउन सक्छ । यस तालिमले पत्रकारहरूलाई अदालतको मर्यादा र स्थापित कानुनी परिधिको पूर्ण पालना गर्दै वस्तुनिष्ठ, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण गर्न सक्षम बनाएको विश्वास पत्रकार महासंघ कास्कीको छ । यो तालिममा १ सय जना पत्रकार सहभागी हुनुभएको थियो ।

ख २) **डिजिटल साक्षरता तालिम (Digital Literacy)** परम्परागत पत्रकारिताको माध्यम तीव्र गतिमा डिजिटलतर्फ रूपान्तरण भइरहेको वर्तमान अवस्थामा अनलाइन माध्यमका विविध आयाम र

प्रविधिहरूसँग अभ्यस्त हुन यो तालिम सहयोगी बनेको छ। पत्रकारहरूलाई डिजिटल संसारमा उपलब्ध सूचनाहरूको सत्यता जाँच (Fact–checking) गर्ने, सूचनाका डिजिटल स्रोतहरू पहिल्याउने र सुरक्षित रूपमा अनलाइन प्लेटफर्मको प्रयोग गरी व्यावसायिक सामग्री उत्पादन गर्ने क्षमता प्रदान गरेको छ । पोखरा महानगरपालिकाको सहयोगमा सञ्चालित तालिममा ६८ जना पत्रकार सहभागी हुनुभएको थियो ।

ख ३) **फोटो तथा मोबाइल पत्रकारिता (Photo and Mobile Journalism):** घटनास्थलबाटै तत्काल र ुत गतिमा समाचार सम्प्रेषण गर्न महँगो क्यामेरा वा भारी उपकरण बिना, हातमा भएको स्मार्टफोनलाई नै भरपर्दो र व्यावसायिक प्रयोग गर्ने सिकाइ यो तालिमबाट पत्रकारहरुले प्राप्त गर्नुभयो भन्ने विश्वास छ । गुणस्तरीय भिजुअल र तस्बिरहरू खिचेर तत्कालै घटनास्थलबाटै प्रत्यक्ष प्रसारण वा समाचार सम्प्रेषण गर्नका लागि प्राविधिक रुपमा पत्रकारहरूलाई सबल बनाउने उद्देश्यले आयोजित तालिममा ६७ जना सहभागी हुनुभएको थियो ।

ख ४) **मल्टिमिडिया पत्रकारिता (Multimedia Journalism)** : समकालीन पाठक र दर्शकहरू शब्द वा तस्बिरमा मात्र सीमित नरही श्रव्य-दृश्य (Audio–Visual) र अन्तरक्रियात्मक सामग्री रुचाउने गरेको पाइएको छ । यो बदलिँदो शैली र मागलाई सम्बोधन गर्न पोखरा महानगरपालिकाको सहयोगमा यो तालिम अयाोजना गरिएको हो । एउटै समाचारलाई अक्षर, आवाज, भिडियो र इन्फोग्राफिक्सको संयोजन ज्ञान यो तालिमले सहभागी पत्रकारलाई दियो भन्ने विश्वास पत्रकार महासंघको छ । तालिममा ६४ जना पत्रकारहरु सहभागी हुनुभएको थियो ,

ख) **निर्वाचन रिपोर्टिङ तालिम (Election Reporting):** निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष मानिन्छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि भएको राजनीतिक परिवर्तनसहित २०८२ फागुन २१ गते तोकिएको निर्वाचनलाई लक्षित गरी प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा गत माघ २८ र २९ गते तालिम आयोजना गरिएको थियो । विगतका निर्वाचनहरूमा देखिएका सूचनाको अन्तर, मिथ्या सूचनाको प्रभाव र कतिपय अवस्थामा पत्रकारहरूकै सुरक्षामा देखिएका चुनौतीहरूलाई मध्यनजर गर्दै पत्रकारहरूलाई पूर्व-तयारी, निर्वाचनको समयमा सञ्चार माध्यमले खेल्ने भूमिकाले नै चुनावको स्वच्छता र निष्पक्षता निर्धारण गर्ने भएकाले कास्कीका सक्रिय पत्रकारहरूको निर्वाचनसम्बन्धी क्षमता अभिवृद्धिका लागि तालिम गरिएको हो । तालिममा ८२ जना पत्रकार सहभागी हुनुभएको थियो ।

ख ६) **साइबर सुरक्षा तालिम (Cyber Security):** डिजिटल माध्यमको बढ्दो प्रयोगसँगै हुने ह्याकिङ, अनलाइन निगरानी र डाटा चोरी जस्ता प्राविधिक जोखिमहरूबाट आफ्ना संवेदनशील सामग्री र व्यक्तिगत गोपनीयता जोगाउन यो तालिम फलदायी भयो भन्ने विश्वास पत्रकार महासंघ कास्कीको छ । खोजमूलक पत्रकारिता गर्दा आफ्ना गोप्य सूचना प्रदायक (Sources) हरूको पहिचान सुरक्षित राख्न र कुनै पनि डिजिटल आक्रमणबाट बच्न यसले व्यावहारिक प्राविधिक ज्ञान प्रदान गर्ने तालिमको उद्देश्य हो । प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोग तथा क्यान कास्कीको प्राविधिक सहयोगमा सञ्चालित तालिममा ७७ जना पत्रकार तथा सञ्चारकर्मी सहभागी हुनुभएको थियो ।

ख ७) **पत्रकारितामा मल्टिमिडिया र एआई (Multimedia and Artificial Intelligence in Journalism)** आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्राविधिक क्रान्तिसँगै समाचार संकलन, लेखन, सम्पादन, र डाटा

विश्लेषणलाई अझ तीव्र, आधुनिक र परिष्कृत बनाउन तथा पत्रकारितामा एआइको प्रयोग बढेकाले कास्कीमा क्रियाशील पत्रकारहरुलाई मल्टिमिडिया र एआई सम्बन्धी क्षमता अभिवृद्धि गर्न तालिम आयोजना गरिएको हो । यसले नेपाली पत्रकारहरूलाई प्रविधिमैत्री पत्रकारिताको प्रतिस्पर्धामा अब्बल बनाउन यो तालिम फलदायी भयो भन्ने विश्वास छ । पोखरा महानगरपालिकाको सहयोगमा सञ्चालित उक्त तालिममा ७५ जना पत्रकारहरु सहभागी हुनुभएको थियो ।

ग) **चाड पर्व र संस्कृतिको जर्गेना :** पत्रकार महासंघ कास्कीले नेपाली कला, संस्कृति र चाडपर्वको संरक्षण तथा जगेर्नालाई पनि महत्व दिएका छ । फागू पूर्णिमाको अवसरमा होली विशेष कार्यक्रम, हरितालिका तीज विशेष कार्यक्रम लगायतका सांस्कृतिक गतिविधिमार्फत् पत्रकारहरुबीच आत्मीयता, सद्भाव र सांस्कृतिक एकता अभिवृद्धि गर्ने प्रयास गरिएको छ । पत्रकारिता समाचारमा सीमित नभई समाजको मौलिक संस्कृतिसँग पनि जोडिनुपर्छ भन्ने मान्यता पत्रकार महासंघ कास्कीको छ ।

घ) **प्रेस स्वतन्त्रताको पक्षमा खबरदारी :** नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरे पनि त्यो वातावरण बनेको छैन । यो वा त्यो वहानामा प्रेस स्वतन्त्रता विरोधी कार्य र पत्रकारमाथि दुर्व्यवहारका घटना पनि भइरहेका छन् । झन अहिले त जेनजी आन्दोलनपछि बनेको सरकार पत्रकारिता र प्रेस स्वतन्त्रताप्रति अनुदार देखिएको छ । पत्रकारमाथि आक्रमणहुँदा, सञ्चारगृहमा आगजनी हुँदा, पत्रकारको हत्या हुँदा र प्रेस स्वतन्त्रता विरोधी गतिविधिको विरोधमा नेपाल पत्रकार महासंघ कास्की अग्रपंक्तिमा उभिएको छ । कालोपट्टी बाँधेर विरोध, ज्ञापनपत्र बुझाउने, विज्ञप्ति जारी गरी सार्वजनिक दबाब सिर्जना गर्ने लगायतका कार्यक्रममार्फत् प्रेस स्वतन्त्रताको पक्षमा स्पष्ट अडान प्रस्तुत गरिएको छ । सरकारी विज्ञापन सरकारी मिडियामा मात्र दिने सरकारको प्रेस स्वतन्त्रता विरोधी निर्णय विरुद्ध नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको निर्देशन अनुसार आन्दोलनका कार्यक्रम पनि गरिएको यहाँहरुलाई सर्वविदितै छ ।

ङ) **पत्रकारको साथमा महासंघ :** नेपाल पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुको संस्था हो । यसले अभिभावकीय भूमिका निर्वाह गर्दै आएको छ । पत्रकारहरुको हक, हित, क्षमता अभिवृद्धिको साथै पत्रकारहरुको भौतिक र पेसागत सुरक्षाप्रति महासंघ सधैं चिन्तित छ । पत्रकारमाथि भएको आक्रमण तथा दुर्व्यवहारप्रति पत्रकार महासंघ कास्कीले आवश्यकता अनुसार विज्ञप्ति निकाल्ने, स्थानीय प्रशासन, सुरक्षा निकायलाई दोषीलाई पक्राउ गरी कानुनी कारबाही गर्नका लागि दबाब दिने, क्षतिपूर्ति दिलाउने, माफी मगाउने लगायत कार्यमा पत्रकार महासंघ कास्कीले अभिभावकीय भूमिका निर्वाह गरिरहेको जानकारी गराउँदछौं ।

महासंघ आफ्ना सदस्यहरु र परिवारहरुको सुखमा होस् या दुःखका बेला साथै रहँदै आएको छ । यो बिचमा महासंघका सदस्यहरु रामप्रसाद तिमिल्सेना, रवीन्द्रनाथ बास्तोला, डा. बलराम उपाध्याय रेग्मी, रामजी लम्साल, जमुना वर्षा शर्मा, हरि पन्त, अपील त्रिपाठी, वद्रीविनोद प्रतीक, मोतीसागर अधिकारी, रिखिराम जिसी, दीपेन्द्र श्रेष्ठ, सन्देश श्रेष्ठ, सञ्चारकर्मी प्रेम थापा, देव क्षेत्रीले आफ्ना अभिभावक, प्रियजन र पारिवारिक सदस्य गुमाउनुभयो । यस दुःखद् घडीमा भेटी लिएर भेट्न जाने र श्रद्धाञ्जली अर्पण गर्दै दुःखमा पत्रकार महासंघ पनि सँगै भएको अनुभूति गराउने प्रयास भइरहेको छ ।

च) **मिडिया हाउस र पत्रकारको समस्यामा सहजीकरण :** मिडिया र पत्रकार एक अर्काका परिपूरक हुँदाहुँदै पनि काम गर्ने सिलसिलामा समस्याहरु आउने गरेका छन् । विशेष गरी पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुको छाता संस्था भएकाले उनीहरुलाई परेको समस्यालाई समाधान गर्न पहल गरिएको छ । यो अवधिमा पनि केही सञ्चारमाध्यममा श्रमजीवीले पारिश्रमिक नपाएको मौखिक वा लिखित र जानकारी आएपछि सरोकारवालासँग

छलफल गरी समस्याको समाधान गर्न सहजीकरण र समन्वय गरेका छौं ।

छ) **संसदीय निर्वाचनमा समन्वय :** लोकतन्त्रको सुन्दर पक्ष भनेको निर्वाचन हो । मुलुकमा संघीय शासन लागू भएपछि गत भदौमा भएको जेनजी आन्दोलनले ल्याएको राजनीतिक परिवर्तनसँगै गत फागुन २१ गते संसदीय निर्वाचन सम्पन्न भएको छ । यो निर्वाचनलाई सफल बनाउन सञ्चार जगतको पनि उत्तिकै भूमिका रह्यो । निर्वाचनलाई सफल बनाउन सदस्यज्यूहरुले निर्वाह गर्नुभएको भूमिकाप्रति आभार व्यक्त गर्दछु । साथै निर्वाचनका बेला तथा मतगणनाको समयमा सहज ढंगले समाचार संकलन र सम्प्रेषणका लागि पत्रकार महासंघ कास्कीले सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गरेको यहाँहरुलाई सर्वविदितै छ ।

ज) **पत्रकार परिवार स्वास्थ्य बिमाको निरन्तरता :** पत्रकार महासंघ कास्कीका आवद्ध पत्रकारसहित परिवारको निशुल्क स्वास्थ्य बिमा यस वर्ष पनि निरन्तरता दिइएको छ । पोखरा महानगरपालिकाको सहयोगमा सुरु भएको बिमा कार्यक्रमलाई पत्रकार महासंघ कास्कीको पहलमा गण्डकी प्रदेश सरकारले बिमा गर्दै आएको छ । यसलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने र अझ व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

झ) **व्यवस्थापकीय भूमिका :** नेपाल पत्रकार महासंघको दोस्रो केन्द्रीय कमिटी बैठक असार ६ र ७ गते पोखरामा भएकोमा नेपाल पत्रकार महासंघ कास्कीले व्यवस्थापकीय जिम्मेवारी निर्वाह गरी बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न भूमिका खेलेको थियो ।

ञ) **विविध :** यस अवधिमा २१ वटा कार्यसमितिको बैठक भएका छन् । पत्रकारका र सञ्चार गृहको लागि सूचना तथा प्रसारण विभागको घुम्ती शिविर, लैंगिक हिंसा न्यूनीकरणसम्बन्धी अभिमुखीकरण, महिला संवादलगायतका अन्तर्क्रिया, विभिन्न दिवसहरुमा संघ संस्थाहरुको सहकार्यमा विविध कार्यक्रम सम्पन्न भएका छन् । यो विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**५) भावी योजना**

नेपाल पत्रकार महासंघ, कास्की शाखाको आगामी कार्यदिशा, नीति तथा भावी योजनाहरू

**१. संस्थागत विकास तथा पत्रकार-मैत्री वातावरण व्यावसायिक प्रतिवद्धता:**

क) नेपाल पत्रकार महासंघ कास्कीलाई थप सुदृढ, उत्तरदायी, र पूर्ण रूपमा पत्रकारमैत्री बनाउन निरन्तर क्रियाशील रहनेछौं । पत्रकारिताको स्थापित मर्म, पेशागत धर्म र आचारसंहिताको जगमा उभिएर राष्ट्र, समाज र आम नागरिकको पक्षमा सशक्त आवाज उठाउन सदैव अग्रसर रहनेछौं।

ख) समग्र पत्रकार, व्यावसायिक पत्रकारिता र पत्रकार महासंघको चौतर्फी संस्थागत विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरू निर्माण गरी कार्यान्वयन गर्नेछौं ।

ग) पत्रकार महासंघका आगामी कार्यक्रमलाई चुस्त, दुरुस्त बनाउन कार्यविधि तयार गर्नुका साथै पत्रकार कल्याण कोषलाई पनि व्यवस्थित र पारदर्शी रुपमा संचालन गर्न कार्यविधि निर्माण गर्नुका साथै कोष वृद्धिको लागि सबैको सहकार्यमा पहल गरिनेछ ।

घ) नेपाल पत्रकार महासंघ कास्कीको स्थापना भएको ५० वर्ष (स्वर्ण वर्ष) लाई विशेष वर्षका रुपमा मनाइने छ ।

**२. सदस्यता व्यवस्थापन तथा शुद्धीकरण र नयाँ सदस्यता**

क) कास्की जिल्लामा क्रियाशील, योग्य र श्रमजीवी पत्रकारहरूलाई कार्यविधि अनुसार सहज रूपमा नयाँ सदस्यता वितरण गरिनेछ ।

ख) महासंघको गरिमा र गरिमामय इतिहासलाई जोगाउन निस्क्रिय पत्रकारहरूलाई विस्थापित गर्दै पूर्णकालीन पत्रकारहरूको हक-हितका लागि सुदृढ सदस्यता शुद्धीकरण अभियानलाई कडाइका साथ अघि बढाइनेछ ।

**३. श्रमजीवीको पेशागत, भौतिक तथा सामाजिक सुरक्षा, स्वास्थ्य बिमा कार्यक्रम**

क) श्रमजीवी पत्रकार र उनीहरूको आश्रित परिवारको सुरक्षार्थ सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै निरन्तरता दिनेछौं ।

ख) मिडिया सञ्चालक (रोजगारदाता) र श्रमजीवी पत्रकार दुवैको हित एवं पेशागत स्थायित्वका लागि सम्पूर्ण मिडिया हाउसहरूलाई 'योगदानमा आधारित सामाजिक सुरक्षा कोष' मा आबद्ध हुन विशेष पहल तथा समन्वय गरिनेछ ।

ग) मिडिया अनुगमन कार्यलाई नियमित एवं प्रभावकारी बनाउँदै श्रमजीवी पत्रकार ऐनले तोकेको न्यूनतम पारिश्रमिक लगायतका अन्य सेवा-सुविधाहरू पूर्ण रूपमा कार्यान्वयन गराउन कानुनी र व्यावहारिक रूपमा सक्रिय भूमिका निर्वाह गरिनेछ ।

घ) पत्रकारहरूको भौतिक, मानसिक तथा पेशागत सुरक्षाका लागि महासंघ सधैं अग्रभागमा उभिने प्रतिज्ञा गर्दछ ।

**४) क्षमता अभिवृद्धि तथा क्षमता विकास:**

क) पत्रकारहरूको दक्षता र व्यावसायिकता अभिवृद्धिका लागि समयसापेक्ष विधागत एवं अत्याधुनिक प्राविधिक तालिमहरू (डिजिटल, एआई, खोजमूलक आदि) सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

ख) पत्रकारहरूको लेखनशैलीमा निखारता ल्याउन, अनुसन्धानमुखी पत्रकारितालाई बढावा दिन र उनीहरूको वृत्तिविकासका लागि लेखनवृत्ति कार्यक्रमलाई आगामी दिनमा अगाडि बढाइनेछ ।

**५. इ-लाइब्रेरी सुदृढीकरण**

क) पुस्तकालयलाई प्रविधिमैत्री बनाउन आधुनिक पुस्तकहरू थप गर्दै लगिनेछ ।

ख) पुस्तकालयको व्यवस्थित, नियमसंगत र दिगो सञ्चालनका लागि एक स्पष्ट कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**६. भौतिक पूर्वाधार, कोष वृद्धि तथा अन्तर-शाखा सम्बन्ध विस्तार,**

क) पत्रकार महासंघ कास्कीको सुविधा सम्पन्न भवनको समयमै मर्मत-सम्भार, संरक्षण र यसको अधिकतम एवं रचनात्मक प्रयोगमा विशेष ध्यान दिनेछौं ।

ख) महासंघ एक गैर-नाफामूलक संस्था भएकाले यसको आर्थिक आत्मनिर्भरता र आपतकालीन कल्याणकारी कोष वृद्धिका लागि विभिन्न रचनात्मक, सामाजिक तथा व्यावसायिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ग) महासंघका अन्य जिल्ला शाखाहरूसँगको भातृत्व एवं आपसी सद्भाव बढाउन, अनुभव आदानप्रदान गर्न र पोखरा लगायत समग्र कास्कीको दिगो पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ 'अन्तर-शाखा मैत्रीपूर्ण भ्रमण तथा संवाद' कार्यक्रमहरू आयोजना गर्नेछौं ।

६) नेपाल पत्रकार महासंघ कास्की शाखा यहाँसम्म आइपुग्नुमा अग्रज पत्रकार, सदस्यज्यूहरु, सल्लाहकारज्यू साथै पोखरेली र नेपाली जनताको पनि साथ र सहयोग छ । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिकासहित कास्कीका सबै पालिका कार्यालय, सबै सरकारी निकाय, विभिन्न संघ संस्थालाई हार्दिक आभार व्यक्त गर्दछु ।

## मिति २०८१ पुस ७ देखि २०८३ वैशाख २९ सम्म भएका गतिविधि र कार्यक्रमहरू

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| १ | २०८१/०९/०७ | २०८१/०८/२८ गते भएको निर्वाचनबाट चुनिएको नयाँ कार्यसमितिको पदस्थापन कार्यक्रम सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको । |
| २ | २०८१/०९/२९ | सञ्चार उद्यमी देव क्षेत्रीज्यूकी ममतामयी आमाको असामयिक निधनमा भेटीसहित समवेदना अर्पण । |
| | | पोखरा महानगरपालिकाकी उपमेयर मञ्जुदेवी गुरुङज्यूको ससुराबुवाको निधनमा भेटीसहित समवेदना अर्पण । |
| | | गम्भीर बिरामी भई काठमाडौँमा उपचार गराइ घर फर्कनुभएका नेपाल पत्रकार महासंघ कास्कीका सधारण सदस्य तथा नेपाल पत्रकार महासंघ गण्डकीका निवर्तमान सचिव यदुनाथ बञ्जाराज्यूलाई उहाँको निवासमा पुगेर शीघ्र स्वास्थ्य लाभको कामना गरिएको । |
| ३ | २०८१/१०/२ | नेपाल पत्रकार महासंघ कास्कीका सदस्य तथा अग्रज पत्रकार डा. बलराम उपाध्याय रेग्मीज्यूका ममतामयी आमाको निधन भएकोमा भेटीसहित समवेदना अर्पण गरिएको । |
| ४ | २०८१/१०/१८ | वुमेन्स फन्ड एसियाको आयोजना तथा नेपाल पत्रकार महासंघ कास्कीको सहकार्यमा कास्कीका पत्रकार महिलाका लागि न्यायमा पहुँचका लागि अदालती रिर्पोटिङ विषयक कार्यशाला उच्च अदालत पोखराका मुख्य न्यायाधीश माननीय डा. रत्नबहादुर बागचन्दको प्रमुख आतिथ्यमा सम्पन्न भएको । कार्यक्रममा कास्कीमा क्रियाशील पत्रकार महिलाहरु सहभागी भएको । |
| ५ | २०८१/१०/२३ | सूचना तथा प्रसारण विभागको आयोजना र नेपाल पत्रकार महासंघ कास्कीको सहकार्यमा माघ २३ र २४ गते सूचना तथा प्रसारण विभागबाट प्रदान गरिने विभिन्न सेवाहरुका लागि घुम्ती सेवा शिविर पत्रकार महासंघ कास्कीकै भवनमा सञ्चालन गरिएको । शिविरबाट कास्कीका मात्र नभइ भएर अन्य छिमेकी जिल्लाका सञ्चार गृह र पत्रकारहरुले लाभ लिएको । |

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| ६ | २०८१/११/१६ | नेपाल पत्रकार महासंघ कास्की र फ्री मिडिया नेटवर्कको आयोजनमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि फ्रि मिडिया नेटर्वकलाई थप प्रभावकारी बनाउन, नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष श्री निमला शर्माज्यूको प्रमुख आतिथ्यमा एक कार्यक्रम सम्पन्न र अध्यक्षमा निर्वाचित भएपछि पहिलो पटक कास्की आउनुभएकी केन्द्रीय अध्यक्ष श्री निमला शर्माज्यू एवं वरिष्ठ उपाध्यक्ष दीपक आचार्यज्यूलाई सम्मान गरिएको । |
| ७ | २०८१/११/२३ | ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस मार्च ८, २०२५ (तदानुसार २०८१ फागुन २४) को सन्दर्भमा "FOR ALL WOMEN AND GIRLS: RIGHTS. EQUALITY. EMPOWERMENT." भन्ने अन्तर्राष्ट्रिय नारा तथा **"सबै महिला तथा बालबालिकाको लागि अधिकारः समानता र सशक्तीकरण"** भन्ने राष्ट्रिय नाराका साथ नेपाल पत्रकार महासंघ कास्कीले **महिला संवादः सशक्त महिला, समावेशीकरण र समानता** कार्यक्रमको आयोजना गरिएको । |
| ८ | २०८१/११/२९ | संस्कृति र चाड पर्वको संरक्षण, जर्गेना र प्रवर्द्धनको लागि फागू पूर्णिमाको अवसरमा होली विशेष कार्यक्रम आयोजना गरिएको । |
| ९ | २०८१/१२/०२ | नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य रामजी लम्सालका बुबा एवं नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव जमुना वर्षा शर्माका ससुराबुवाको असामयिक निधनमा भेटीसहित समवेदना अर्पण । |
| १० | २०८१/१२/०३ | फोटो पत्रकार प्रेम थापाज्यूकी ममतामयी आमाको असामयिक निधनमा भेटीसहित समवेदना अर्पण । |
| ११ | २०८१/१२/१६ | पत्रकारको हत्या र सञ्चार गृह/सञ्चारकर्मीमाथि भएको आक्रमणको विरोधमा ¥यालीसहित सभाको आयोजना । |
| १२ | २०८१/१२/१७ | नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको आकस्मिक बैठकले पत्रकारको योजनावद्ध हत्या र सञ्चारगृह तथा पत्रकारमाथि गरिएको आक्रमण तथा आगजनीको विरोधमा कालोपट्टी बाँधेर कार्यस्थलमा काम गर्ने निर्णय अनुसार कास्की शाखाले पनि कार्यान्वयन गर्दै जिल्लामा क्रियाशील सम्पूर्ण पत्रकार, सञ्चारकर्मीहरुलाई कार्यस्थलमा कालोपट्टी बाँधेर विरोध जनाइदिनुहुन अनुरोध साथै पत्रकार महासंघ कास्कीको कार्यालयमा आएका पत्रकारहरुलाई कालो पट्टि प्रदान गरिएको । |
| १३ | २०८१/१२/१८ | पत्रकारको हत्या र सञ्चारगृह तथा पत्रकारमाथि गरिएको आक्रमण तथा आगजनी विरुद्धमा प्रमुख जिल्ला अधिकारीमार्फत् नेपाल सरकारलाई ज्ञापनपत्र/ध्यानाकर्षण पत्र बुझाइएको । |
| १४ | २०८२/१/०३ | नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान सदस्य समिति सदस्य हरि पन्तज्यूको बुबाको असामयिक निधनमा भेटीसहित समवेदना अर्पण । |
| | | दुर्घटना भई लामो समय अस्पतालमा उपचार गराई घर फर्कनुभएका नेपाल पत्रकार महासंघ कास्कीका सधारण सदस्य तथा अग्रज पत्रकार बलराम उपाध्याय रेग्मीज्यूलाई भेट गरी स्वास्थ्य लाभको कामना गरिएको । |

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| १५ | २०८२/०१/०५ | नेपाल पत्रकार महासंघ कास्कीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको सहयोगमा अदालती रिपोर्टिङ सम्बन्धी तालिम वैशाख ५ र ६ गते सञ्चालन गरिएको, तालिममा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा अनलाइनखबर डटकमका प्रधान सम्पादक शिव गाउँज्यू, कास्की जिल्ला अदालतका अदालत रजिष्ट्रार राजन खनालज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पूर्वसचिव धर्मराज कुँइकेलज्यू र प्रदेश किताबखाना तथा सञ्चार समन्वय शाखाका प्रमुख पार्वती लामिछानेज्यूले सहजीकरण गर्नुभएको । |
| १६ | २०८२/०२/०२ | पोखरा ११ फूलबारीका गजेन्द्र भण्डारी परिवारद्वारा स्थापित नेपाल पत्रकार महासंघ कास्कीले वि.स. २०५३ सालदेखि सञ्चालन गर्दै आएको 'गजेन्द्र भण्डारी राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१ र ०८२' अर्पण गरिएको । गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा पत्रकार केशव पाठकज्यू र दुर्गा अधिकारीज्यूलाई सम्मान गरिएको । |
| १७ | २०८२/०२/०४ | मोटरसाइकल दुर्घटनामा परेर असामयिक निधन हुनुभएका पत्रकार देवेन्द्र बास्तोलाको नवौं दिनको पुण्य तिथिमा भेटीसहित समवेदना अर्पण । |
| १८ | २०८२/०२/११ | नेपाल पत्रकार महासंघ कास्कीले पोखरा महानगरपालिकाको सहयोगमा डिजिटल साक्षरता सम्बन्धी तालिम जेठ ११, १२ र १३ गते सञ्चालन, तालिममा नेपाल खोजमूलक मल्टिमिडिया पत्रकारिता सञ्जाल (NIMJN) का संस्थापक रजनीश भण्डारीज्यू, नागरिक राष्ट्रिय दैनिकका गण्डकी प्रमुख सन्तोष पोखरेलज्यू र ए आई अभ्यासकर्ता तथा अध्येता जीवन भण्डारीज्यूले सहजीकरण गर्नुभएको । तालिमको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र समापनमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासनिक अधिकृत शिवराज चौलागाई प्रमुख अतिथि रहनुभएको । |
| १८ | २०८२/०२/१८ | नेपाल पत्रकार महासंघ कास्कीले पोखरा महानगरपालिकाको सहयोगमा फोटो तथा मोबाइल पत्रकारितासम्बन्धी तालिम जेठ १८, १९ र २० गते सञ्चालन, तालिमका प्रशिक्षकमा वरिष्ठ फोटो पत्रकार विकास कार्कीज्यू, फोटो पत्रकार संघ कास्कीका अध्यक्ष रामबहादुर गुरुङज्यू र अन्नपूर्ण पोस्टका संवाददाता एवं संरक्षणकर्मी कृष्णमणि बरालज्यू रहनुभएको । तालिमको उद्घाटन नेपाल पत्रकार महासंघ कास्कीका संस्थापक अध्यक्ष उमाकान्त शर्मा र समापनमा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेल प्रमुख अतिथि रहनुभएको । |
| १९ | २०८२/०२/२९ | नेपाल पत्रकार महासंघ कास्कीले पोखरा महानगरपालिकाको सहयोगमा मल्टिमिडिया सम्बन्धी तालिम जेठ २९, ३० र ३१ गते सञ्चालन, तालिमका प्रशिक्षकमा नेपाल खोजमूलक मल्टिमिडिया पत्रकारिता सञ्जाल (NIMJN) का संस्थापक रजनीश भण्डारीज्यू, र प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेज्यू रहनुभएको । तालिमको उद्घाटन गण्डकी प्रदेश सभाका सभामुख कृष्णप्रसाद धिताल र समापनमा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङ प्रमुख अतिथि रहनुभएको थियो । |

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| २० | २०८२/०३/६ | नेपाल पत्रकार महासंघको दोस्रो केन्द्रीय कमिटी बैठक असार ६ र ७ गते पोखरामा आयोजना भएकोमा नेपाल पत्रकार महासंघ कास्कीले व्यवस्थापकीय जिम्मेवारी निर्वाह गरी बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न भूमिका खेलेको । |
| २१ | २०८२/०३/६ | नेपाल पत्रकार महासंघ कास्कीले गण्डकी प्रदेशमा पर्यटनको सम्भावना विषयक अन्तर्क्रिया कार्यक्रम तथा पत्रकार राष्ट्रिय भेलाको आयोजना गरिएको । |
| २२ | २०८२/०३/१२ | नेपाल पत्रकार महासंघ कास्कीको स्थापना दिवसको अवसरमा नेपाल नेत्रज्योति संघ कास्की, हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा निशुल्क आँखा जाँच शिविर सञ्चालन गरिएको । १५२ पत्रकार, सञ्चारकर्मी र स्थानीयले लाभ लिनुभएको थियो । |
| २३ | २०८२/०३/१९ | नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य अपील त्रिपाठीज्यूकी ममतामयी आमाको असामयिक निधनमा भेटीसहित समवेदना अर्पण । |
| २४ | २०८२/०३/२१ | नेपाल भूतपूर्व खेलाडी मञ्चको १२ महिना १२ कार्यक्रम अन्तर्गत नेपाल पत्रकार महासंघ कास्कीको समन्वयमा आयोजित 'सञ्चारकर्मी दौड प्रतियोगिता' मा पुरुषतर्फ प्रथम दिलीप थारु (समाधान राष्ट्रिय दैनिक), दोस्रो अर्जुन हिताङ (गोल नेपाल), तेस्रो भीमपाणि बराल (समाधान राष्ट्रिय दैनिक), चौथो रिखिराम जिसी (पब्लिक टिभी) र पाँचौं प्रविन मगर (मयुर टाइम्स) साथै महिलातर्फ प्रथम सरिता गुरुङ (प्रमुख खबर), दोस्रो कञ्चन थापा (उपाध्यक्ष नेपाल पत्रकार महासंघ कास्की), तेस्रो अनिता घिमिरे (प्राइम टिभी) र चौथो प्राश्ना मानन्धर (मयुर टाइम्स) हुनुभएको । |
| २५ | २०८२/०३/२२ | सहरी विकास तथा भवन कार्यालय पोखराको आ.वा. २०८१/८२ मा विनियोजित रु ८,००,०००/- रकमको पत्रकार महासंघको भवन मर्मत । उत्तरतर्फ रहेको अथायी टहरालाई दक्षिणतर्फ सारेर व्यवस्थित गरिएको र पोखराका प्रथम पत्रकार जगन्नाथ सिग्देलको शालिकलाई स्थान्तरण गरी व्यवस्थित गर्नुका साथै पश्चिमतर्फ रहेको प्रवेशद्वारलाई उत्तरतर्फ स्थानतन्तरण गरिएको । |
| २६ | २०८२/०३/२४ | नेपाल पत्रकार महासंघ बागलुङ शाखाले २५ औं स्थापना दिवसको अवसरमा आयोजना गरेको फुटसल प्रतियोगितामा नेपाल पत्रकार महासंघ कास्की विजेता बन्न सफल । |
| २७ | २०८२/०४/०३ | नेपाल पत्रकार महासंघ कास्कीले सञ्चालन गर्दै आएको जगन्नाथ सिग्देल पत्रकारिता पुरस्कारका दाता, पोखराका प्रथम पत्रकार जगन्नाथ सिग्देलका छोरीज्वाइँ विष्णुदत्तज्यू घिमिरेको असामयिक निधनमा समवेदना प्रकट गर्न कास्कीको टोली काठमाडौं पुगेर सवमेदना अर्पण गरिएको । |
| २८ | २०८२/०४/२१ | नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष एवं प्रेस स्वतन्त्र सेनानी बद्रीविनोद प्रतिककी आमा विष्णुमाया खनालको असामयिक निधनमा भेटी लिएर तथा भेटघाट गरी समवेदना अर्पण गरिएको |

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| २९ | २०८२/०४/२६ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २६ औं स्थापना दिवसको अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ गण्डकीद्धारा आयोजित पुरुष तथा महिला मैत्रीपूर्ण फुटसल प्रतियोगितामा महिलातर्फबाट नेपाल पत्रकार महासंघ कास्कीको समूह विजयी । |
| ३० | २०८२/०५/०८ | हरितालिका तिजको अवसरमा कास्कीका महिला सञ्चारकर्मीहरुलाई तिज विशेष कार्यक्रम विरौटा स्थित ग्यालेक्सी पार्टी प्यालेसमा आयोजना गरियो । जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रदेवी शर्माको उपस्थिति । |
| ३१ | २०८२/०५/१५ | नेपाल पत्रकार महासंघ कास्कीका सदस्य मोतिसागर अधिकारीकी आमा छलि अधिकारीको असामयिक निधनमा भेटी लिएर उहाँको निवास पुगेर समवेदना प्रकट गरिएको |
| ३२ | २०८२/०६/०८ | नेपाल पत्रकार महासंघ कास्कीका कार्यसमिति सदस्य रिखिराम जिसीकी आमा लक्ष्मीदेवी जिसीको असामयिक निधनमा भेटी लिएर उहाँको निवास प्यूठान पुगेर समवेदना प्रकट गरिएको । |
| ३३ | २०८२/०८/१५ | विश्व एड्स दिवसको दिनमा नेपाल पत्रकार महासंघ कास्की, एड्स हेल्थकेयर फाउन्डेसन नेपाल र प्रादेशिक जनस्वास्थ्य कार्यालय कास्कीको संयुक्त आयोजनामा पत्रकारसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना । |
| ३४ | २०८२/०८/२३ | नेपाल बिमा प्राधिकरण गण्डकी प्रदेश कार्यालयसँगको समन्वयमा पत्रकारहरुसँग बीमा सम्बन्धी अन्तर्क्रिया तथा छलफलको आयोजना |
| ३५ | २०८२/१०/१४ | टंकादेवी–तुलसीप्रसाद पत्रकारिता पुरस्कार अर्पण समारोहमा । टंकादेवी–तुलसीप्रसाद पत्रकारिता पुरस्कार २०८१ बाट धनबहादुर बस्नेत र टंकादेवी–तुलसीप्रसाद पत्रकारिता पुरस्कार २०८२ सागरराज तिमिल्सिना सम्मानित । प्रमुख अतिथि गण्डकी विश्व विद्यालयका कुलपति प्राध्यापक डाक्टर श्री इन्द्रप्रसाद तिवारी । |
| ३६ | २०८२/१०/२८ | नेपाल पत्रकार महासंघ कास्कीको आयोजना र प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा निर्वाचन रिपोर्टिङ सम्बन्धी तालिम फागुन २८ र २९ गते सञ्चालन, तालिममा प्रदेश निर्वाचन अधिकारी नारायण ढकालज्यू, समाधान राष्ट्रिय दैनिकका प्रधान सम्पादक भरत कोइरालाज्यू, सहायक निर्वाचन अधिकृत दीपक गिरीज्यू, प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेज्यू, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक गणेश पाण्डेज्यूले सहजीकरण गर्नुभएको । |
| ३७ | २०८२/११/१० | नेपाल पत्रकार महासंघ कास्कीको आयोजना, प्रेस रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोग तथा क्यान महासंघ कस्कीको प्राविधिक सहयोगमा साइबर सुरक्षा सम्बन्धी गत फागुन १०, ११ र १२ गते सञ्चालन, तालिममा गण्डकी कलेज अफ इन्जिनियरिङ एन्ड साइन्सका उपप्राध्यापक ई.सन्तोष पन्थज्यू, नबिल बैंक गण्डकी प्रदेश प्रमुख हरि ढकालज्यू, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक शिवा थापाज्यू र साइबर सुरक्षा विज्ञ प्रमोद न्याछ्योंज्यूले सहजीकरण गर्नुभएको थियो । |
| ३८ | २०८२/११/२८ | ११६ औं अन्तराष्ट्रिय महिला दिवसको सन्दर्भमा **महिला संवाद** कार्यक्रमको आयोजना, पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाका सहयोगमा, पोखरा महानगरपालिकाका उप-प्रमुख मञ्जुदेवी गुरुङज्यू प्रमुख अतिथि । |

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| ३९ | २०८२/१२/०५ | नेपाल पत्रकार महासंघ धनुषका पदाधीकारी एवं कार्यसमिति सदस्यहरुसँग नेपाल पत्रकार महासंघ केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यज्यूको प्रमुख आतिथ्यमा अन्तर्क्रिया कार्यक्रम गरिएको । |
| ४० | २०८२/१२/१६ | नेपाल पत्रकार महासंघ ७१ औं स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासंघ कास्कीद्वारा सञ्चालित पोखरा पत्रकारिता सम्मानबाट २०८१ बाट राजबहादुर गुरुङज्यू र २०८२ बाट सहारा क्लब पोखरालाई सम्मान गर्नुका साथै पोखराका प्रथम पत्रकार जगन्नाथ सिग्देलको स्मृतिमा सिग्देल परिवारद्वारा स्थापित जगन्नाथ सिग्देल पत्रकारिता पुरस्कार २०८१ बाट फडिन्द्र अधिकारीज्यू र २०८२ बाट एकराज गिरीज्यूलाई सम्मान अर्पण । प्रमुख अतिथि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू रहनुभएको थियो । |
| ४१ | २०८२/१२/२५ | नेपाल पत्रकार महासंघ कास्कीका सल्लाहकार एवं पूर्वअध्यक्ष दीपेन्द्र श्रेष्ठज्यू र सदस्य सन्देश श्रेष्ठज्यूका बुबाको असामयिक निधनमा उहाँको निवास इटहरी पुगेर भेटीसहित समवेदना अर्पण । |
| ४२ | २०८३/०१/१० | नेपाल सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने गरी गरेको विभेदकारी निर्णय र परिपत्रको विरुद्ध नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको घोषित देशव्यापी दबाबमूलक कार्यक्रम अन्तर्गत कास्कीका प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको, त्यसैगरी संघीय सरकारको निर्णय लागू नगर्न कास्कीका जिल्ला समन्वय प्रमुखमार्फत् कास्कीका सबै स्थानीयलाई ज्ञापनपत्र बुझाइएको । सम्पादकहरुसँग छलफल र सामाजिक सञ्जालमा विरोध गरिएको । |
| ४३ | २०८३/०१/२२ | पालिखे परिवारद्वारा स्थापित र नेपाल पत्रकार महासंघ कास्कीले सञ्चालन गर्दै आएको प्रजातन्त्र सेनानी दयाशंकर पालिखे स्मृति पत्रकारिता सम्मान २०८१ बाट सूर्यचन्द्र बस्नेतज्यू र २०८२ बाट कृष्णमणि बरालज्यूलाई सम्मान गरिएको । अर्पण समारोहको प्रमुख अतिथि गण्डकी प्रदेश प्रमुख माननीय डिल्लीराज भट्टज्यू, रहनुभएको थियो । |
| ४४ | २०८३/०१/२७ | नेपाल पत्रकार महासंघ कास्कीको अयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा पत्रकारितामा मल्टिमिडिया र एआई सम्बन्धी तालिम २७ देखि २९ सम्म आयोजना गरिएको र पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले उद्घाटन गरेको तालिममा निमजिनका संस्थापक रजनीश भण्डारी र आइटी विज्ञ सन्तोष पन्थले सहजीरण गर्नुभएको थियो भने तालिममा पोखराका क्रियाशील ७५ जना पत्रकार सहभागी हुनुभएको थियो । |

# डेढ वर्षको अवधिमा अर्पण गरिएको सम्मान र पुरस्कारको विवरण

**१) प्रजातन्त्र सेनानी दयाशंकर पालिखे पत्रकारिता सम्मान**

| क्र.सं. | सम्मान प्रप्त गर्ने व्यक्ति | पुरस्कार मिति | पुरस्कार राशि |
|---|---|---|---|
| १ | सूर्यचन्द्र बस्नेत | २०८१ | १,०१,१११।- |
| २ | कृष्णमणि बराल | २०८२ | १,०१,१११।- |

**२) गजेन्द्र भण्डारी स्मृति सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार**

| क्र.सं. | पुरस्कार प्राप्तगर्ने व्यक्ति | पुरस्कार मिति | पुरस्कार राशि |
|---|---|---|---|
| १ | केशव पाठक | २०८१ | २५,०००।- |
| २ | दुर्गा अधिकारी | २०८२ | २५,०००।- |
| ३ | लालप्रसाद शर्मा (जेठ ९ गते अर्पण गरिँदै) | २०८३ | २५०००।– |

**३) पोखरा पत्रकारिता सम्मान**

| क्र.सं. | सम्मान प्राप्त गर्ने व्यक्ति | पुरस्कार मिति | पुरस्कार राशि |
|---|---|---|---|
| १ | राजबहादुर गुरुङ | २०८१ | ५०,५५५।- |
| २ | सहारा क्लब (संस्थागत तर्फ) | २०८२ | |

**४) जगन्नाथ सिग्देल पत्रकारिता पुरस्कार**

| क्र.सं. | पुरस्कार प्रप्तगर्ने व्यक्ति | पुरस्कार मिति | पुरस्कार राशि |
|---|---|---|---|
| १ | फडीन्द्र अधिकारी | २०८१ | २५,५५५।- |
| २ | एकराज गिरी | २०८२ | २५,५५५।- |

**५) टंकादेवी– तुलसीप्रसाद स्मृति पत्रकारिता पुरस्कार**

| क्र.सं. | पुरस्कार प्राप्त गर्ने व्यक्ति | पुरस्कार मिति | पुरस्कार राशि |
|---|---|---|---|
| १ | धन बस्नेत | २०८१ | २५,१११।- |
| २ | सागरराज तिमिल्सिना | २०८२ | २५,१११।- |

**वितरण गर्न बाँकी पुरस्कार तथा सम्मानहरु**

| | | |
|---|---|---|
| १) | मीना सिर्जनशील पत्रकारिता पुरस्कार | २०८१ र २०८२ |
| २) | कीर्ति स्मृति पत्रकारिता वृत्ति सम्मान | २०८१ र २०८२ |
| ३) | आर्थिक पत्रकारिता पुरस्कार | २०८१ र २०८२ |

## नेपाल पत्रकार महासंघ कास्कीको सदस्यता विवरण

| विवरण | संख्या |
|---|---|
| कार्यसमिति | २० |
| सल्लाहकार | ३ |
| राष्ट्रिय परिषद सदस्य | ५ |
| प्रदेश परिषद सदस्य | १५ |
| जम्मा साधारण सदस्य | २०४ |

## कार्यसमिति बैठक उपस्थिति

| क्र.सं. | नाम | जम्मा बैठक | उपस्थित |
|---|---|---|---|
| १ | माधवप्रसाद बराल | २१ | २१ |
| २ | माधवप्रसाद रेग्मी | २१ | २१ |
| ३ | कञ्चन थापा कोइराला | २१ | १२ |
| ४ | भुपाल गुरुङ | २१ | २० |
| ५ | मधु अधिकारी | २१ | १६ |
| ६ | धनबहादुर गुरुङ | २१ | २१ |
| ७ | राजाराम पौडेल | २१ | २० |
| ८ | अर्जुन गाहा | २१ | १८ |
| ९ | गौरव त्रिपाठी | २१ | १८ |
| १० | राजु गिरी | २१ | १९ |
| ११ | बाल कुमारी पौडेल ढुंगाना | २१ | २१ |
| १२ | सन्तोष सुवेदी | २१ | १६ |
| १३ | रिखिराम जिसी | २१ | १२ (हाल काठमाडौं) |
| १४ | तुलसीराम सुवेदी | २१ | १४ |
| १५ | निराजन अधिकारी | २१ | १७ |
| १६ | पुष्पराज दाहाल | २१ | १८ |
| १७ | कविता घर्तीमगर | हाल विदेश | |
| १८ | सुरेश सुनार | २१ | १९ |
| १९ | पुनम थापा मगर | हाल विदेश | |
| २० | सूर्यबहादुर परियार | २१ | ११ |

अन्त्यमा, डेढ वर्षको अवधिमा पत्रकार, पत्रकारिता र महासंघको संस्थागत विकासमा लाग्न सुझाव, सल्लाह र हौंसला प्रदान गर्नहुने केन्द्रीय समिति, प्रदेश समिति, पूर्वअध्यक्षज्यू, सल्लाहकार, अग्रज पत्रकार, कार्यसमितिका पदाधिकारी र सदस्यज्यू, साधारण सदस्यज्यूहरु, पत्रकारसँग सम्बन्धित संघसंस्था, लगायत प्रत्यक्ष, परोक्ष सहयोग गर्नुहुने सबैमा हार्दिक आभार गर्दै आगामी दिनमा पनि तपाईंहरुको यस्तै साथ र सहयोगको अपेक्षा गर्दछु । साथै प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझावसहित पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

जय पत्रकारिता । जय पत्रकार महासंघ । धन्यवाद

**भूपाल गुरुङ**
**सचिव**
**२०८३/०२/०९**

# नेपाल पत्रकार महासंघ कास्की
# १८ औं साधारण सभामा प्रस्तुत कोषाध्यक्षको प्रतिवेदन

१) नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यू, पत्रकार महासंघका केन्द्रीय पदाधिकारी तथा केन्द्रीय सदस्यज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्षज्यू, पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकारज्यू, पूर्वअध्यक्षज्यू, प्रेस स्वतन्त्रता सेनानीज्यू, राष्ट्रिय परिषद् सदस्यज्यू, पुरस्कारदाताज्यू, कार्यसमितिका पदाधिकारी, सदस्यज्यूहरु, सम्पूर्ण साधारण सदस्यज्यूहरु, पत्रकारसँग सम्बन्धित संघसंगठनका अध्यक्षज्यूहरु तथा उपस्थित सबैमा स्वागतसहित हार्दिक अभिवादन व्यक्त गर्दछु । प्रेस स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात कलमजीवी तथा विभिन्न कालखण्डमा भएका सामाजिक रुपान्तरण र राजनीतिक परिवर्तनको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात/अज्ञात सहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२) नेपाल पत्रकार महासंघ श्रमजीवी पत्रकारहरुको छाता संस्था हो । पत्रकारहरुको पेशागत हकहित, प्रेस स्वतन्त्रता, श्रम अधिकार र लोकतान्त्रिक मूल्यको संरक्षणका लागि महासंघले स्थापना कालदेखि निरन्तर भूमिका खेल्दै आएको छ । नेपाल पत्रकार महासंघ कास्की शाखाको स्थापना २०३४ साल असार १२ गते भएको गौरवपूर्ण इतिहास हामीसँग छ । आज हामी स्वर्ण वर्षमा प्रवेश गर्ने ऐतिहासिक मोडमा उभिएका छौं । नेपाल पत्रकार महासंघको विधान अनुसार आयोजना गरिएको यस साधारण सभामा कोषाध्यक्षको हैसियतले महासंघको आर्थिक गतिविधि, चुनौती र आगामी आवश्यकता सम्बन्धी केही महत्वपूर्ण विषय सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३) संस्थाको आर्थिक प्रणालीलाई सबल, पारदर्शी र व्यवस्थित बनाउन विगत देखिको वित्तीय अनुशासन र पारदर्शितालाई निरन्तरता दिँदै वर्तमान कार्यसमितिले पनि संस्थाको आर्थिक गतिविधिलाई नीति, नियम र मितव्ययिताभित्र राखेर सञ्चालन गर्ने प्रयास गरेको छ । महासंघको सम्पूर्ण आर्थिक कारोबार बैंकिङ प्रणालीमार्फत् गर्ने अभ्यासलाई निरन्तरता दिइएको छ । नगदै प्राप्त रकम बैंक दाखिला गर्ने तथा खर्च पनि सकेसम्म चेक वा बैंकिङ प्रणालीबाटै गर्ने गरिएको छ । बाध्यात्मक अवस्थामा साना खर्च मात्र नगदै खर्च गर्ने गरिएको छ । यसले संस्थाको आर्थिक पारदर्शिता र विश्वसनीयता थप मजबुत भएको विश्वास लिएको छु । २०८१ मंसिर २८ गते सम्पन्न निर्वाचनबाट निर्वाचित वर्तमान कार्यसमितिले पदभार ग्रहण गरेयता पत्रकारहरुको क्षमता अभिवृद्धि, पेशागत दक्षता र हकहितका क्षेत्रमा निरन्तर काम गर्दै आएको छ । यसैबीचमा पत्रकारिता क्षेत्रले अनेकौं चुनौतीको सामना गरिरहेको छ । डिजिटल प्रविधिको तीव्र विस्तार, सामाजिक सञ्जालको प्रभाव, कृत्रिम बुद्धिमत्ता (एआई) को बढ्दो प्रयोग तथा सञ्चार संस्थाहरुको आर्थिक संकटले पत्रकारिता पेशा असुरक्षित बन्दै गएको छ । श्रमजीवी पत्रकारहरु न्यून पारिश्रमिक, अस्थिर रोजगारी र पेशागत असुरक्षाबाट

गुज्रिरहेका छन् । जेनजी आन्दोलनपछि भएको निर्वाचन र त्यसपछि बनेको नयाँ सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने गरी गरेको निर्णयले निजी तथा समुदायमा आधारित सञ्चारमाध्यममाथि थप आर्थिक दबाब सिर्जना गरेको छ । प्रेस स्वतन्त्रता र समान अवसरको सिद्धान्त विपरीत यस्ता निर्णयप्रति महासंघले स्पष्ट असहमति जनाउँदै आएको छ । लोकतन्त्रमा स्वतन्त्र र सशक्त सञ्चारमाध्यम अपरिहार्य हुन्छन् भन्ने मान्यताबाट महासंघ कहिल्यै पछि हट्ने छैन ।

४) नेपाल पत्रकार महासंघ कास्की शाखाको स्थायी आम्दानीको मुख्य स्रोत सदस्यता शुल्क नै हो । सदस्यता शुल्कबाट प्राप्त रकममध्ये अधिकांश केन्द्र र प्रदेश समितिमा जाने भएकाले शाखामा सीमित रकम मात्र रहने अवस्था छ । महासंघको स्थायी आम्दानीको स्रोत अभाव अहिलेको प्रमुख चुनौती हो । कोषमा रहेको रकमको ब्याजदर घटेसँगै आम्दानी पनि घटेको छ । कार्यालय सञ्चालन, कर्मचारीको तलब भत्ता तथा नियमित प्रशासनिक खर्च व्यवस्थापन गर्न कठिनाइ भइरहेको अवस्था छ । कतिपय अवस्थामा तालिम तथा कार्यक्रमबाट बचत गरिएको रकमबाट संस्थाको खर्च धान्नुपर्ने बाध्यता छ । यस परिस्थितिमा महासंघको आर्थिक पक्षलाई दीर्घकालीन रुपमा सबल बनाउन आवश्यक देखिएको छ । महासंघको कल्याणकारी कोषलाई अझ वृद्धि गर्नुपर्ने आवश्यकता छ । अक्षयकोष विस्तार, स्मारिका प्रकाशन, महासंघ भवनको हलको प्रभावकारी उपयोग तथा वैकल्पिक आम्दानीका स्रोतहरुको खोजी आजको आवश्यकता बनेको छ । निजी तथा सार्वजनिक संघसंस्थालाई महासंघको हल उपयोग गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

**५) आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको सारांश**

अब म आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यो आर्थिक वर्षमा नवीकरण शुल्क वापत १ लाख ४३ हजार ४ सय रुपैयाँ आम्दानी भएको जानकारी गराउँछु । यस अवधिमा कुल आन्तरिक आम्दानी २३ लाख ९२ हजार ६ सय ३२ रुपैयाँ ७७ पैसा रहेको छ । त्यसैगरी खर्चतर्फ जम्मा २२ लाख ८३ हजार ८ सय २ रुपैयाँ ६० पैसा खर्च भई १ लाख ८ हजार ८ सय ३० रुपैयाँ १७ पैसा बचत भएको जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्म महासघंका विभिन्न पुरस्कार र पत्रकार कल्याण कोषमा गरी कोषको मौज्दात रकम १ करोड १२ लाख ३२ हजार १ सय ११ रुपैयाँ रहेको छ । यस अवधिमा विभिन्न बैंक तथा वित्तीय संस्थामा २० लाख ३९ हजार १ सय ३३ रुपैयाँ ४ पैसा छ । महासंघका विभिन्न बैंकमा रहेका कोषको ब्याजबाट वर्षेनी सोही शीर्षक अनुसारको पुरस्कार र सम्मान गरिँदै आएको छ । पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाबाट पाउने ब्याजदर कम भएको कारण पुरस्कार र सम्मान लगायतका कार्यमा ब्याज रकम अपुग समेत हुने गरेको छ ।

**६) आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको वैशाख मसान्तसम्मको सारांश**

अब म आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्तसम्मको आय व्ययको सारांश प्रस्तुत गर्ने अनुमति चाहन्छु । आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्तसम्मको आय व्यय विवरण यहाँ प्रस्तुत गरिएको छ । यस अवधिमा कुल आन्तरिक आम्दानी १४ लाख ५ हजार २ सय २ रुपैंया ९० पैसा रहेको छ । त्यसैगरी खर्चतर्फ जम्मा १७ लाख ६५ हजार ४ सय ५ रुपैयाँ रहेको छ । खानेपानी संस्थानमा तिर्नुपर्ने पुरानो बक्यौता रकम, पत्रकार महासंघको केन्द्रीय कमिटीको बैठकको खर्च तथा महासंघले कार्यक्रमहरूलाई समयमा सञ्चालन गर्न तथा आसनग्रहण लगायतका कार्यमा छरितोपना ल्याउनका लागि ल्यापटप, प्रोजेक्टर र प्रोजेक्टर स्क्रिन खरिदमा यो वर्ष खर्च भएको छ । पत्रकार कल्याण कोषको ब्याज खर्च नगरेकोले कोषमा ८० लाख २० हजार रुपैयाँ मौज्दात पुगेको जानकारीसमेत गराउँछु ।

७) आर्थिक वर्ष २०८०/०८१ को समेत लेखा परिक्षण गरी आर्थिक वर्ष २०८०/०८१ र ०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन तथा चालु आर्थिक वर्ष २०८२/०८३ को वैशाख मसान्त सम्मको आय व्ययको विवरण यसै साथ संलग्न गरिएको छ ।

८) **नेपाल पत्रकार महासंघ कास्कीको नाममा विनियोजन भएको बाँकी रकम**

| क्र.सं. | कार्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी | रु.१,००,०००/- | नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरका आयोजना गरेको कार्यक्रममा सहयोगको लागि प्रतिवेदन पेश गरिसकिएको । |
| २ | पोखरा महानगरपालिका | रु.५,००,०००/- | उक्त रकम मध्य सम्झौता अनुरुप पत्रकारितामा मल्टिमिडिया र एआई तालिम सम्पन्न साथै अनुसन्धानमुलक लेख लेखन तालिम सञ्चालन गर्न बाँकी । |
| ३ | पोखरा महानगरपालिका न्यायिक समिति | रु.२,५०,०००/- | प्रस्तावना पेश गरिएको र सम्झौता गर्न बाँकी । |
| जम्मा | | रु.८,५०,०००/- | |

